लोक सेवा आयोग

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, प्रशासन, प्रशासन, छैठौं, सहायक प्रबन्धक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०७९।०२।२१

पत्र : द्वितीय
समय : ३ घण्टा

पूर्णाङ्क : १००

विषय : अर्थ, मुद्रा, व्यवस्थापन, सूचना प्रविधि, रणनीतिक योजना तथा समस्याको पहिचान र समाधान

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

## खण्ड "क" ४० अङ्क

१. प्रमुख समष्टिगत आर्थिक परिसूचकहरूको प्रवृत्ति तथा विकासक्रमका आधारमा नेपाली अर्थतन्त्रका प्रमुख चुनौतीहरूको सूची तयार गर्नुहोस् । ती चुनौतीहरूको सामना गर्नका लागि चाल्नुपर्ने कदमहरू बुँदागतरूपमा प्रस्तुत गर्नुहोस् । ६+६+८=२०

(Prepare a list of major challenges of the Nepalese economy on the basis of trend and evolution of the major macro economic indicators. Present the steps to be taken to address the challenges.)

२. निर्णय गर्ने प्रकृयाले कसरी संगठनहरूको योजना र कार्यक्रमहरूलाई सहजरूपमा कार्यान्वयन गराउन भूमिका खेलेको हुन्छ र त्यसलाई प्रत्यक्ष प्रभाव पार्ने मुख्य-मुख्य तत्वहरू के-के हुन सक्छन्? नेपालको विद्यमान मानव संसाधनले निर्णय प्रकृयामा कसरी काम गरेको छ? विश्लेषणात्मक उत्तर दिनुहोस् । ५+८+५+२=२०

(How does the decision making process play a role in the proper implementation of plan and programs of organizations and what are the major factors affecting it? How has HRM system of Nepal worked in a decision making process? Explain analytically.)

## खण्ड "ख" ४० अङ्क

३. नेपालमा वाणिज्य बैंकहरूको व्यापक विस्तार भएको पृष्ठभूमिमा राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको बजारीकरण रणनीतिमा केन्द्रित भई उक्त बैंकका लागि एउटा संक्षिप्त रणनीतिक योजना प्रस्तुत गर्नुहोस् । २०

(In the light of massive expansion of commercial banks in Nepal, present a brief strategic plan for Rastriya Banijya Bank Ltd. focusing on marketing strategy.)

४. आर्थिक क्रियाकलापहरू कोभिड-१९ को माहामारीले शिथिल हुन पुगेका छन् । तर नेपालमा कर्जाको विस्तार उल्लेख्यरूपमा बढ्दै गएको छ । तरलता, ब्याजदर तथा कर्जा मागमा ठूलो उतारचढाव आइरहेको देखिन्छ । एकातर्फ मुद्रास्फितिमा चाप पर्न थालेको छ भने अर्कोतर्फ शोधनान्तर स्थिति प्रतिकूल हुँदै गएको छ । यस सन्दर्भमा विद्यमान समस्याको पहिचान तथा विश्लेषण गर्दै समाधानका उपायहरू प्रस्तुत गर्नुहोस् । १०+१०=२०

(Economic activities have been slowing down due to the COVID-19 pandemic. But, bank credit growth is significantly higher in Nepal. There are large ups and downs in the credit demand, liquidity and interest rates. On the one hand, there seems to be an inflationary pressure, on the other hand there is an adverse situation in balance of payments. Given the scenario, identify and analyze the existing problem. Also present the measures for solution.)

## खण्ड "ग"

२० अङ्क

५. Answer the following: 10+10=20

a) What are the essential areas of IT Policy in the banking sector? Describe with reference to NRB IT Policy.

b) Explain about Mobile Banking and customer support services on Mobile Banking in Nepal.

:: समाप्त ::

लोक सेवा आयोग

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, प्रशासन, प्रशासन, छैठौं, सहायक प्रबन्धक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०७९।०२।२०

पत्र : प्रथम
समय : ३ घण्टा

पूर्णाङ्क : १००

विषय : बैंकिङ्ग, लेखा, वित्तीय विश्लेषण र आर्थिक नीति

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

## खण्ड "क" ४० अङ्क

१. वाणिज्य बैंकका मुख्य-मुख्य कार्यहरू के-के हुन्? व्याख्या गर्नुहोस् । नेपालका वाणिज्य बैंकहरूले सामना गर्नु परिरहेका मुख्य-मुख्य चुनौतीहरू उल्लेख गर्नुहोस् । ८+१२=२०

(What are the major functions of a commercial bank? Explain. State the challenges being faced by commercial banks in Nepal.)

२. क्रिप्टो लगायतका अभौतिक सम्पत्तिको कारोबार अनौपचारिक क्षेत्रमा हुन थालेको र यसले भविष्यमा अर्थ व्यवस्थामा नै जोखिम सृजना गर्ने देखिएको छ । यस सन्दर्भमा बैंकिङ्ग कसूर तथा सजाँय ऐन, सम्पत्ति शुद्धीकरण निवारण ऐन, विदेशी विनिमय नियमित गर्ने ऐन लगायत अन्य ऐनमा के-कस्तो सुधार आवश्यक छ? उल्लेख गर्नुहोस् । २०

(Transactions of intangible assets including crypto have begun in the informal sector and this seems to pose a risk to the economy in the future. In this context, what reforms are needed in Banking Offense and Punishment Act, Anti-money Laundering Act, Foreign Exchange Regulations Act and other Acts? Explain.)

## खण्ड "ख" ६० अङ्क

३. नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) को बारेमा छोटकरीमा उल्लेख गर्नुहोस् । नेपालका बैंक तथा वित्तीय संस्थाहरूले NFRS कार्यान्वयनको सन्दर्भमा सामना गर्नुपरेका चुनौतीहरूका बारेमा सविस्तार लेख्नुहोस् । २०

(Write briefly on Nepal Financial Reporting Standard (NFRS). Explain the challenges faced by financial institutions of Nepal in implementing NFRS.)

४. परियोजना मूल्यांकन गर्न किन आवश्यक हुन्छ? परियोजना मूल्यांकन गर्ने प्रचलित विधिहरूको बारेमा उल्लेख गर्नुहोस् । ६+१४=२०

(Why is it necessary to evaluate the project? Mention the prevailing methods of project appraisal.)

५. मौद्रिक नीति र वित्त नीतिबीचको अन्तरसम्बन्ध प्रष्ट पार्दै नेपालको समग्र अर्थतन्त्रको वर्तमान सन्दर्भमा मौद्रिक नीति र वित्त नीतिमा के-कस्ता विषयहरू समावेश हुनुपर्ने देख्नुहुन्छ? आफ्ना सुझाव प्रस्तुत गर्नुहोस् । ६+१४=२०

(Clarify the interrelationship between Monetary Policy and Fiscal Policy. In the current context of macroeconomic situation of Nepal, what reforms are needed in monetary policy and fiscal policy? Give your suggestions.)

:: समाप्त ::

लोक सेवा आयोग

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, प्रशासन, नगद, छैठौ, सहायक प्रबन्धक (नगद) पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०७९।०२।१९

पत्र : द्वितीय

समय : ३ घण्टा

पूर्णाङ्क १००

विषय : अर्थ, मुद्रा, व्यवस्थापन, सेवा सम्बन्धी, रणनीतिक योजना तथा समस्याको पहिचान र समाधान

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

## खण्ड 'क'

६० अङ्क

१. अहिले देशमा देखापरेका निम्न आर्थिक समस्याको समाधान खोज्नुहोस् । १०+१०=२०

क) एक वर्ष अगाडि १२ महिनाको वस्तु तथा सेवा आयातलाई पुग्ने विदेशी मुद्राको संचिति अहिले घट्दै गएर ६.७ महिनाको लागि मात्र पुग्ने अवस्थामा छ । विदेशी मुद्राको संचिति यसरी घट्दै जानुका खास कारणहरू के-के हुन सक्दछन् र यी कारणहरूको सम्बोधन गर्न नेपाल राष्ट्र बैंकले हालै चालेका कदमहरूलाई विवेचना गर्दै यो समस्याको समाधान खोज्नुहोस् ।

ख) यो वर्ष मुद्रा स्फिति गत वर्षभन्दा बढेको छ । मुद्रास्फितिका कारण वस्तु तथा सेवा महंगो भई सर्वसाधारणको जीवन कष्टकर हुँदै गएको छ । गत वर्षसम्म वाञ्छित सिमाभित्र रहेको मुद्रास्फिति यो वर्ष बृद्धि हुनुका कारणहरू केलाउनुहोस् र मुद्रास्फिति नियन्त्रण गर्न के-के कदम चाल्नुपर्ला? सुझाव दिनुहोस् ।

(Find the solutions to the following economic crisis prevailing in the country.

a) Foreign exchange reserve of Nepal, which was sufficient for 12 months' import of goods and services a year ago, has been sharply decreased and it is sufficient only for 6.7 months. Briefly discuss the causes of such decrease in foreign exchange reserve. Also suggest remedies of such problem in reference to the measures applied by Nepal Rastra Bank.

b) Inflation has increased this year compared to last year. As a result, goods and services have become expensive and the livelihood of people has become difficult. Inflation, which was within limit last year, has increased this year. Specify the causes of such increment and suggest the measures to control it.)

२. व्यवस्थापनका सिद्धान्त र कार्यहरूको चर्चा गर्दै राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको व्यवस्थापनसम्बन्धी निर्णय प्रकृयालाई असर पार्ने महत्वपूर्ण तत्वहरूको बयान गर्नुहोस् । असल सुशासन तथा संस्थागत सुशासनले राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको व्यवसायिक पारदर्शिता र कार्य प्रगतिमा कस्तो प्रभाव पर्दछ? छलफल गर्नुहोस् । १०+१०=२०

(Discuss the Principles and Functions of Management and describe the important factors that affect the decision-making process regarding management of the Rastriya Banijya Bank. What are the effects of good governance and corporate governance on the business transparency and work progress of Rastriya Banijya Bank? Discuss.)

३. छोटकरीमा व्याख्या गर्नुहोस् । (Describe in brief.) ५x४=२०

क) ECC ख) IPS ग) RTGS घ) SWIFT ङ) Connect IPS

## खण्ड "ख"

४० अङ्क

४. रणनीतिक योजनाका मुलभूत तत्वहरूको बारेमा संक्षिप्त चर्चा गर्नुहोस् । सरकारी स्वामित्वसमेत रहेको राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको "जनशक्ति व्यवस्थापन" सम्बन्धी एउटा पाँच वर्षीय रणनीतिक योजनाको खाका प्रस्तुत गर्नुहोस् । २०

(Briefly discuss the major elements of strategic plan. Present a specimen of five year strategic plan regarding "Human Resource Management" for Rastriya Banijya Bank Ltd., the government owned commercial bank.)

५. विश्वव्यापी रूपमा फैलिएको कोरोना महामारीका कारणले गर्दा आर्थिक क्रियाकलापमा आएको शिथिलताको परिणामस्वरूप नेपाली अर्थतन्त्र संकुचनतर्फ उन्मुख देखिन्छ । अर्थतन्त्रमा मौद्रिक तरलतामा कमी आई बैंक तथा वित्तीय संस्थाहरूले मौद्रिक तरलताको अभावको समस्या सामना गर्नु परेको देखिन्छ । यदि नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकले उचित समयमा उपयुक्त समस्या समाधानका उपायहरू अवलम्बन गर्न नसकेमा नेपाली अर्थतन्त्र वित्तीय संकटतर्फ उन्मुख हुने देखिन्छ । यस सन्दर्भमा नेपालको अर्थतन्त्रमा देखिएका विद्यमान समस्याहरूको चर्चा गर्दै बैंक तथा वित्तीय क्षेत्रमा देखिएको तरलताको अभाव समाधान गर्न नेपाल राष्ट्र बैंक तथा सरकारले के-कस्ता उपायहरू अवलम्बन गर्न आवश्यक छ? उपयुक्त राय दिनुहोस् । २०

(Nepal's economy seems to be moving towards deflation due to the global corona pandemic (problem) resulting in sluggish economic activities. Banks and financial institutions have to suffer from the problems resulting from the lack of monetary liquidity in the economy. If the Government of Nepal and Nepal Rastra Bank fail to take appropriate measures to solve this problem in time, the Nepalese economy may drive into financial crisis. In this context, discuss the existing financial problems in the economy. What measures should be taken by the Nepal Rastra Bank and the government to address the liquidity crisis in the banking and financial sector? Give appropriate opinion.)

:: समाप्त ::

लोक सेवा आयोग

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, प्रशासन, सूचना प्रविधि, छैठौं, सहायक प्रबन्धक (सूचना प्रविधि) पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

पत्र : प्रथम
समय : ३ घण्टा

२०७९।०२।१६

पूर्णाङ्क : १००

विषय : बैंकिङ्, लेखा, आर्थिक नीति र व्यवस्थापन

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

## खण्ड "क" ६० अङ्क

१. नेपालमा बैंकिङ् क्षेत्रको संस्थागत सुशासन सम्बन्धमा सम्बन्धित क्षेत्रको कानूनमा भएका व्यवस्था तथा नियामक निकायले तोकेका व्यवस्थाहरू र तिनको पालनाको स्थितिबारे चर्चा गर्नुहोस् । ६+८+६=२०
(Discuss about the provisions relating to corporate governance in Nepali banking sector as laid down in applicable laws and as prescribed by the regulator. Discuss also the compliance status of such provisions.)

२. नेपालमा विद्यमान सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्) निवारण ऐन, २०६४ का मुख्य-मुख्य प्रावधानहरूको चर्चा गर्नुहोस् र यसको कार्यान्वयनका चुनौतीहरू उदाहरणसहित लेख्नुहोस् ।१०+१०=२०
(Discuss the key provisions of prevailing Anti-money Laundering Act, 2064 in Nepal and write the challenges of its implementation with illustrations.)

३. बैंकको लेखा प्रणालीबारे उल्लेख गर्नुहोस् । बैंक सञ्चालनमा आन्तरिक तथा बाह्य लेखापरीक्षण र निरीक्षणको महत्व र भूमिकाबारे विस्तृत वर्णन गर्नुहोस् । ४+१६=२०
(Elaborate bank's accounting system. Give the detailed description about the role and importance of Internal and External Audit as well as inspection in bank's operation.)

## खण्ड "ख" ४० अङ्क

४. आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीतिमा विदेशी विनिमय व्यवस्थापन सम्बन्धमा उल्लेख भएका व्यवस्थाहरू र सो को कार्यान्वयन अवस्थाबारे वर्णन गर्नुहोस् । १४+६=२०
(Describe about the provisions made in Monetary Policy (FY 2078/79) for foreign exchange management. Describe also the implementation status of such provisions.)

५. नेपालको बैंकिङ् क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगको अवस्था तथा सो बाट सृजना हुने सम्भावित जोखिम पहिचान र व्यवस्थापन सम्बन्धमा भएका व्यवस्थाहरूबारे वर्णन गर्नुहोस् । ८+१२=२०
(Describe about the status of use of information and communication technology (ICT) in Nepali banking sector. Also, discuss the arrangements made for identification of potential risks emerging from use of ICT and management of the risks.)

:: समाप्त ::